जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २१७ २०७९ साल चैत १६ गते बिहीबार (30 Mar. 2023 Thursday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मिटर ब्याज पीडितको माग... ३ पृष्ठमा : नयाँ होइनन् मिटरब्याज पीडितका ... ३ पृष्ठमाभारतमा कोरोनाका बिरामी बढे,..

## ६ महिनाअघि करेन्ट लागेर युवकको मृत्यु भएको घटना हत्या भएको खुलासा : प्रहरी

### हत्यामा मृतककी श्रीमतीसहित तीन महिलाको संलग्नता




**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

गत कात्तिक ६ गते करेन्ट लागेर एक युवकको मृत्यु भएको घटना बारे कंचनपुर इलाका प्रहरी कार्यालय सप्तरीले बुधबार उक्त घटना बारे खुलासा गरेको छ ।

इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दीपक कुमार रायले ६ महिना अघि करेन्ट लागेर मृत्यु भएको भनिएको घटनालाई अनुसन्धान गरि हत्या गरिएको खुलासा गरेका छन् ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरमा पत्रकार सम्मेलन गर्दै प्रहरीले कंचनरूप नगरपालिका ३ दास टोल निवासी मृतककी श्रीमती कोसीला देवी दासले आफ्नी देउरानी र भाउजु नाता पर्ने एक अर्की महिलाको सहयोगमा पति ३७ वर्षीय शिव शंकर दासको हत्या गरेको खुलासा गरेको जनाएको छ ।

गत कात्तिक ६ गते बिहान ६ बजेको समयमा आफ्नै घरभित्र करेन्ट लगाएर शिवशंकरको हत्या गरेको दासले प्रहरी समक्ष वयान दिएको इलाका प्रहरी कार्यालय कंचनपुर डिएसपी दीपक कुमार रायले जानकारी दिए । प्रहरीले हत्यामा संलग्न शिव शंकरकी श्रीमति कोसीला देवी, भाई बुहारी हिरण देवी र भाउजु नाता पर्ने शान्ती देवी दासलाई सोही पत्रकार सम्मेलनमा सार्वजनिक गरेको छ ।

घटनाक्रम अनुसार शिव शंकर र कोसीला देवीले छोरीको विवाह गर्न र बिमा गर्नका लागि स्थानीय भाउजु नाता पर्ने शान्ती देवी दाससँग पहिलो पटक एक लाख रुपैया ऋण लिएका थिए । सो ऋण चुक्ता नहुदैं शान्ती देवीले कोसीलालाई कन्भिन्स गरेर शिवशंकरको जीवन बिमा गर्न लगाएका थिए । नेपाल लाइफ ईन्स्योरेन्स र सिटिजन लाईफ ईन्स्योरेन्समा २०/२० लाखको बिमा गर्न लाग्ने २ लाख प्रिमियम शुल्क समेत ऋणको रुपमा शान्तिले कोसीलालाई दिएकी थिइन् ।

विवाह र बिमा गर्न ३ लाख रुपैया दिएकी शान्तिले कौसीला र शिवशंकरलाई दैनिक रुपमा धाक धम्की र गाली गलौज गर्दै आएकी थिइन् । शान्तिले अदालतमा कपाली कागज लगाएर जग्गा जमिन समेत रोक्का गराएकी कोसीलाको ऋण तिर्न शिव शंकर र कोसीला देवीले असमर्थता देखाएका थिए । पछि शान्तीदेवीले शिव शंकरको हत्या गरे बिमा वापत ठूलो रकम आउने र सो रकमबाट ऋण पनि चुक्ता हुने र अरु रकमसमेत आउने कुर कोसीला देवीलाई सुझाव दिएकी थिइन् । सोही अनुसार शान्ती देवीले २०७९ साल कात्तिक ५ गते शिव शंकरलाई आफ्नो घरमा बोलाई अत्यधिक मादक पदार्थ सेवन गरी घरतर्फ पठाएकी थिइन् ।

मादक पदार्थले मातेर घर गएका शिव शंकर भान्सा कोठामा गएर सुतेका थिए । घरमा सुतेका बेला शान्ती देवीले आफ्ना पति शिव शंकरको बायाँ हातको साहिँली औंलामा तार बेरेर बिजुलीको लाइन दिएर करेन्ट लगाएको वयानमा बताएको डीएसपी रायले जानकारी दिए । घरमा करेन्ट लगाउने कार्यमा कोसीला देवीलाई देउरानी हिरण देवी दासले सहयोग गरेको डीएसपी रायले बताए । करेन्ट लगाएर शिवशंकरको हत्या गरेपछि कोसीला देवीले आफ्नो पतिको करेन्ट लागेर मृत्यु भएको प्रहरीमा खबर गरेको उनले बताए ।

डिएसपी रायका अनुसार कोसीलाले शिवशंकरको मृत्युपछि सिटिजन लाईफ ईन्स्योरेन्समा बिमा बापतको ४० लाख ३० हजार रकम समेत भुक्तानी लिइसकेका छन् । र, नेपाल लाइफ ईन्स्योरेन्समा गरेको बीमाको रकम समेत लिने अन्तिम तयारीमा रहेकी थिइन् ।

प्रहरीले जिल्ला अदालत सप्तरीबाट कर्तव्य ज्यान मुद्दामा तीनै जनालाई म्याद थप गरेर थप अनुसन्धान गरिरहेको जनाएको छ । पत्रकार सम्मेलनमा सप्तरीका प्रहरी प्रमुख नरेन्द्र कुमार कार्कीले घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जानकारी दिँदै अनुसन्धानपछि थप विवरण खुल्ने बताए ।

## साइकलबाट लडेर बृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

सप्तरीमा एक बृद्धको साईकलबाट लडेर ज्यान गएको छ । मृत्यु हुनेमा छिन्नमस्ता गाउँपालिका वडा नं. ५ का ६९ वर्षिय पदमलाल दास छन् ।

प्रहरीका अनुसार उनी मंगलबार राती सोही गाउँपालिकास्थित नहर चौकमा साइकलबाट लडेर नाक र मुखमा चोट लागेर घाईते भएका थिए । घाइते अवस्थामा प्रहरीले उद्दार गरी उनलाई गजेन्द्रनारायण सिह अस्पताल राजविराज पुऱ्याएको थियो ।

सोही अस्पतालमा प्रारम्भिक उपचारपछी राती नै थपउपचारका लागी विराटनगरस्थित विराटनरसिंह होम अस्पताल पुऱ्याइएको तथा उपचार सूरु भएको केही बेर मै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

## मधेश प्रदेशमा रामनवमीको बिदा

**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

मधेश प्रदेश सरकारले बिहीबार प्रदेशमा बिहीबार सार्वजनिक बिदा दिएको छ ।

प्रदेश सरकारले चैत १६ गते बिहीबार शुक्ल नवमी (राम नवमी)का अवसरमा मधेश प्रदेशका ८ वटै जिल्लामा सार्वजनिक बिदा दिएको हो ।

विगतका वर्षहरुमा पनि मधेश प्रदेश सरकारले रामनवमीको अवसरमा सार्वजनिक विदा दिँदै आएको छ ।

## बालबालिकाले लाइटर खेलाउँदै गर्दा सल्केको आगोले लाखौंको सम्पत्ति नष्ट, महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

एउटा सानो गल्तिका कारण सप्तरीको दुई स्थानमा आगलगि हुँदा ६ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ । सो आगलागि बालबालिकाले लाइटर खेलाउँदै गर्दा आगो सल्केर भएको हो ।घटनामा सम्पत्ति जल्नुका साथै एक महिला पनि घाईते भएकी छिन् ।

जिल्लाको खडक नगरपालिका ५ खोजपुरमा मंगलबार साँझ ४ वर्षिय बालक गोविन्द साहले जथाभावी ढंगले लाईटर खेलाउँदै गर्दा अचानक आगो सल्केर आगलागि हुँदा तीन लाख मुल्य बराबरको सम्पती जलेर नष्ट भएको छ ।

प्रहरीका अनुसार बालक र घरको समान जोगाउने क्रममा उनको २५ वर्षिया आमा मञ्जु देवी घाइते भएकी छिन । अनुहार पोलिएको उनको स्थानीय पोली क्लिनीकमा उपचार भइरहेको छ ।

हजुरबुवा रामवरण साहको घरमा आएको बेला नाती गोविन्दले लाइटर खेलाउँदै गरेको तर, अभिभावकले निगरानी गर्न नसक्दा त्यस्तो घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहको भनाइ छ ।

आगलागीमा साहको घरका साथै काठ, फर्निचर, खाद्यान्न, लत्ताकपडा र नगद ५० हजार गरी ३ लाखको क्षती भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

यता मंगलवार साँझै राजविराज नगरपालिका १५ देउरी भरुवास्थित बिलेती यादवको घरमा स-साना बालबालिकाले लाईटर खेलाउने क्रममा अचानक सल्केको आगोले फुसको घरका साथै गरगहना, धान, गहु, चामल र भाडाँवर्तन गरी तीन लाख बराबरको सम्पती नष्ट भएको छ ।

दुबै आगलागी स्थानीवासी, प्रहरी र बारुणयन्त्रको मद्दतले २ घण्टको प्रयास पछी नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

गर्मी मौसम सुरुआत संगै चल्ने हावाहुरी तथा आवश्यक सर्तकता अपनाउन नसक्दा जिल्लामा दुई साता यता डेढ दर्जन भन्दा बढी आगलागीका घटना भएका छन । केही घटना विद्युत सर्ट भई देखिए पनि अधिकाँश घटना खाना पकाई सकेपछी चुलो राम्ररी ननिभाउने, बालबालिकाले जथाभावी प्रज्वलनशिल उपकरणबाट खेल्ने, चुरोट विडी खाएर जथाभावी फ्याल्ने, लामखुट्टे धपाउन जथाभावी घुर बाल्ने लगायतका लापरवाहीका कारण भएको पाइएको प्रहरीको भनाइ छ ।

प्रहरीले अहिले आगलागीका घटना न्युनीकरणका लागी जिल्लाभर सचेतना अभियान चलाएपनी यस्ता घटनाहरुबाट सर्वसाधारणले पाठ सिक्न नसक्नु दुःखद छ ।

## कोरोना संक्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न मन्त्रालयको आग्रह

काठमाडौं, १५ चैत (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ सङ्क्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह गरेको छ ।

मन्त्रालयले सूचना जारी गर्दै अहिले कोरोना भाइरस सङ्क्रमण र रुघाखोकीको लक्षण मिल्दाजुल्दा देखिएकाले सङ्क्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह गरेको हो । मन्त्रालयले ज्वरो आउने, खोकी लाग्ने, हाच्छिउँ आउने, नाकबाट सिँगान बग्ने, टाउको दुख्ने, घाँटी दुख्ने वा खसखस हुने, गन्ध थाहा नहुने, थकान महसुस हुनेजस्ता रुघाखोकीका लक्षण देखिए भने कोरोना भाइरसको परीक्षण गराउन आग्रह गरेको छ ।

भारतको उत्तरप्रदेशमा कोरोना भाइरसको सङ्क्रमण बढेसँगै नेपालमा पनि कोरोना भाइरसको सङ्क्रमण ह्वात्तै बढेको छ । मंगलबार एक हजार चार सय २९ मा कोरोना परीक्षण गर्दा २४ जनामा पुष्टि भएको छ ।

सोमबार (चैत १३ गते) एक हजार दुई सय ६६ मा गरिएको परीक्षणमा ६९ जनामा सङ्क्रमण देखिएको थियो । यसअघि चैत १२ गते १६ जना र चैत ९ गते १७ जनामा सङ्क्रमण देखिएको थियो । अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ७८ पुगेको छ ।

मन्त्रालयले कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) सबैलाई लगाउन निर्देशन दिएको छ ।

## तिलाठीको को. बर्साइनमा वर्थिङ सेन्टर उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ को. बर्साइन स्वास्थ्य चौकीमा नवनिर्मित वर्थिङ सेन्टरको बुधबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले एक कार्यक्रमबीच वर्थिङ सेन्टरको उद्घाटन गरेका हुन् ।

उद्घाटनको अवसरमा बोल्दै अध्यक्ष मण्डलले शिक्षा, स्वास्थ्य, कृषि र रोजगार आफ्नो प्राथमिकतामा रहेकोले आफू ती क्षेत्रहरुको विकासका लागि लागिपरेको बताए । उनले वर्थिङ सेन्टरबाट सबै गर्भवति महिलालाई फाइदा पुग्ने बताउँदै अध्यक्ष यादवले सबै स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाइने बताए ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले कुनै पनि गर्भवति महिलालाई सेवा लिन टाढा जानु नपरोस् भन्ने उदेश्यले वर्थिङ सेन्टर सञ्चालन गरिएको बताउँदै यसबाट लाभ लिन आग्रह गरे ।

स्वास्थ्य संस्था भवन निर्माणका लागि जग्गा दिएका शिवरतन रजक, डम्बर रजक, अम्बर रजक, सम्मर नारायण रजक, नारायण रजक, सूर्यनारायण रजक, हरिनारायण रजक र देव नारायण रजकलाई सो अवसरमा सम्मान गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष तथा स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष ललन प्रसाद राउतको अध्यक्षतामा आयोजित सो कार्यक्रममा सेभ द चिल्ड्रेनका देवकृष्ण भगत, गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख भूपेन्द्र झा, ब्यवस्थापन समितिका सदस्य देवराम शर्मा, स्वास्थ्य चौकी तिलाठीका प्रमुख दिपेन्द्र झासहितकाले शुभकामना ब्यक्त गरे ।

स्वास्थ्य चौकीका प्रमुख मनोज देवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा नवनिर्मित सो वर्थिङ सेन्टरमा सेभ द चिल्ड्रेनमार्फत सेभ द सप्तरीको समेत सहयोग रहेको जानकारी दिए ।

## सम्पादकीय

### पुनः कोरोनाको त्रास, सतर्कता अपनाउनु आवश्यक

तीन वर्षअघि विश्वलाई तहसनहस गरेको महामारी कोरोना पुनः छिमेकी मुलुक भारतमा फैलिन थालेको छ। भारतसँग नेपालको खुल्ला सीमानाका रहेकाले नेपालमा पनि सतर्कता अपनाउनु आवश्यक छ। विगतका केही दिनदेखी भारतमा संक्रमितको संख्या बढ्दै गएको छ। यसै महामारीको विषयलाई लिएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ संक्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह समेत गरेको छ। मन्त्रालयले सूचना जारी गर्दै अहिले कोरोना भाइरस सङ्क्रमण र रुघाखोकीको लक्षण मिल्दाजुल्दा देखिएकाले संक्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह गरेको हो। भारतको उत्तरप्रदेशमा कोरोना भाइरसको संक्रमण बढेसँगै नेपालमा पनि कोरोना भाइरसको संक्रमण ह्वात्तै बढेको छ। मंगलबार एक हजार चार सय २९ मा कोरोना परीक्षण गर्दा २४ जनामा पुष्टि भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले ज्वरो आउने, खोकी लाग्ने, हाच्छिउँ आउने, नाकबाट सिँगान बग्ने, टाउको दुख्ने, घाँटी दुख्ने वा खसखस हुने, गन्ध थाहा नहुने, थकान महसुस हुनेजस्ता रुघाखोकीका लक्षण देखिए भने कोरोना भाइरसको परीक्षण गराउन आग्रह पनि गरेको छ। अहिले नेपालमा मास्कको प्रयोग गर्नेको संख्या घटेको छ। महामारीको जोखिम नभएको भन्दै वा अटेर गर्दै मानिसहरु स्वास्थ्य मापदण्डको पालना गरेको देखिन्न्।

तसर्थ पुनः महामारी बढ्दै गएपछि स्वास्थ्य मापदण्डका साथै सबैले नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्नुका साथै कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) सबैलाई लगाउन अत्यन्त आवश्यक भएको छ।

# मिटर ब्याज पीडितको माग पूरा गर्न सांसदको माग

काठमाडौँ, १५ चैत (रासस)।

सांसदहरूले मिटर ब्याजबाट पीडितहरूको माग सम्बोधन गर्न तत्काल ठोस निर्णय गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले देशका विभिन्न स्थानबाट काठमाडौँमा आई आन्दोलनरत पीडितहरूको न्यायका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको हो।

बुधबारको बैठकको सुरुमा नै सभामुखसँग समय मागेर बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले एकजना मिटर ब्याज पीडित सिरहादेखि १३ दिनसम्म बच्चा बोकी पैदलै हिँडेर काठमाडौँको आन्दोलनमा आएको कुरा उल्लेख गर्दै मिटर उनीहरूको समस्या तत्काल समाधान गर्न सरकासँग माग गर्नुभयो। उहाँले पीडितहरूको न्यायका लागि स्थानीय सरकार र केन्द्रीय नेतृत्वबाट पहल हुन नसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "राज्यका तर्फबाट यस्तो अवस्थामा कसरी समस्या समाधान गर्न सकिन्छ भनेर आवश्यक आर्थिक साक्षरता भएको देखिँदैन। नीति भनेको सम्भावनाको परिकल्पना हो। तर यस्तो सम्भावनाका लागि केन्द्रीय बैङ्कबाट यस्ता क्रियाकलाप किन रोक्न सकिएको छैन ?"

समय माग गर्दै बोल्नुभएका राप्रपाका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले मिटर ब्याज पीडितहरूको माग चाँडोभन्दा चाँडो पूरा गरी पीडितहरूलाई न्याय दिन आग्रह गर्नुभयो। उहाँले उनीहरूको समस्या बुझ्न जाँदा आफ्नो पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीमाथि दुर्व्यवहार गर्न खोजिएको भन्दै आपत्ति जनाउनुभयो।

सांसद लिङ्देनले कोशी प्रदेशको नामकरणपछि चर्किएको आन्दोलन मुठभेडतर्फ अगाडि बढेकोमा सरकारको ध्यानाकर्षण गराउँदै वार्तामार्फत समाधान खोज्न ध्यानाकर्षण गराउनुभयो। "पूर्वमा भइरहेको आन्दोलनप्रति सरकारको धारणा के छ ?", उहाँले भन्नुभयो।

जनता समाजवादी पार्टीका सांसद रन्जुकुमारी झाले मिटर ब्याज पीडितहरू पैदल हिँडेर अहिले राजधानी आई आफ्नो पीडा पोखिरहेको उल्लेख गर्दै उनीहरूको माग सम्बोधनका लागि सदनबाटै एउटा समिति बनाएर काम थाल्नुपर्ने राय प्रस्तुत गर्नुभयो। उहाँले भन्नुभयो, "उहाँहरूको प्रतिनिधि हामी सांसद हौँ, उहाँहरू हामीसँग पीडा पोखिरहनु भएको छ। पीडितको माग पूरा गर्ने सम्बन्धमा संसद्सहितको समिति बनाउन माग गर्दछु।" सांसद झाले केही एयर होस्टेजहरूमाथि कार्यस्थलमा हुने यौनहिंसाप्रति सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

आम जनता पार्टीका प्रभु साहले मिटरब्याज पीडितहरूको आन्दोलन चर्किरहेकाले उनीहरूको समस्या तत्काल समाधान गर्न सभामुखमार्फत सरकारलाई रुलिङको माग गर्नुभयो। उहाँले भन्नुभयो, "काठमाडौँ आएका मात्र होइन देशभित्र लाखौँ मान्छे मिटरब्याजबाट पीडित छन्। बर्सेनि कुरा उठ्ने तर समाधान नखोजिको यो समस्यामा यही संसद्बाट ठोस निर्देशनका लागि माग गर्दछु।"

उहाँले बैंकले ऋण उपलब्ध नगराउँदा नागरिक चर्को ब्याजदरमा मिटर ब्याजबाट ऋण लिन बाध्य भएको बताउँदै कर्जा प्रवाहका विषयमा लघुवित्त र बैंकहरूमा विद्यमान बेथितिको निराकरणका लागि ठोष कानुनको आवश्यकता रहेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले देशको राजस्वले कर्मचारीलाई तलब दिन नपुग्ने अवस्थामा अर्थतन्त्रलाई कमजोर बताउने सरकारका अहिलेसम्मका मन्त्रीहरूले सदनलाई जवाफ दिनुपर्ने बताउनुभयो। उहाँले वीर अस्पतालमा लामो समयदेखि क्यान्सर उपचारको उपकरण बिग्रिएर थन्किँदा जनतालाई मार परेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद सुवालले कोशी प्रदेशको नामकरणपछि भएको आन्दोलन वार्तामार्फत समाधान गर्न समेत सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेकपा (एमाले) का सांसद शोभा ज्ञवालीले बर्दिया जिल्लाको राष्ट्रिय निकुञ्ज नजिकका बस्तीका स्थानीय जङ्गली जनावरको आक्रमणको जोखिममा परेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले भन्नुभयो, "निकुञ्जका जनावरले दैनिक रूपमा दुईतीनजना स्थानीय जनतालाई आक्रमण गरिरहेको छ। बालीनालीको समेत नाश गरेको छ। त्यहाँ तत्काल पक्की पर्खाल निर्माण गर्न माग गर्दछु।"

नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले मिटर ब्याजपीडितको माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराउँदै भन्नुभयो, "न्यायको माग गर्दै पीडितहरू काठमाडौँसम्म आउन बाध्य हुनुहुन्छ। देशभरका अन्य पीडितहरू काठमाडौँ आउँदैहुनुहुन्छ भन्ने सुनेको छ। न्याय पाउन काठमाडौँ नै धाउनुपर्ने सम्झौता हुने कार्यान्वयन नहुने अवस्थाको अन्त्य हुनुपर्छ। यो न्यायपूर्ण समाजमा स्वीकार्य हुन सक्दैन।"

सांसद पौडेलले मिटर ब्याजलाई गम्भीर अपराधका रूपमा हेर्न माग गर्नुभयो। उहाँले कानुनको मस्यौदा मन्त्रालयमा नै थन्किँदा किसानको घरजग्गा लिलामी भएको बताउनुभयो।

समय मागेर बोल्दै नेकपा (एमाले)का सांसद रघुजी पन्तले कार्यसूची परिवर्तनप्रति आपत्ति जनाउनुभयो। उहाँले प्रतिनिधिसभाको बुधबारको बैठकको पूर्वतयारी कार्यसूची किन हटाइयो भन्ने प्रश्न गर्नुभयो। उहाँले भन्नुभयो, "बैठकको पूर्वनिर्धारित कार्यसूची किन हटाइयो ? हामीले अध्ययन तयारी गरेर आएका विधेयक अहिले कार्यसूचीबाट किन हटाइयो ?", उहाँले भन्नुभयो।

# कांग्रेसद्वारा सत्यनिरुपण विधेयकमाथि प्रशिक्षण

काठमाडौँ, १५ चैत (रासस)।

नेपाली कांग्रेसले प्रस्तावित बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकबारे आफ्ना सांसदलाई प्रशिक्षित तुल्याएको छ।

सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विज्ञसँग समग्र विधेयकको अर्थ, उद्देश्य र कानूनी पाटोबारे कांग्रेसले अन्तर्क्रिया गरी विधेयकबारे सांसदलाई जानकारी गराएको हो।

उक्त कार्यक्रमपछि कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सङ्क्रमणकालीन न्यायलाई विस्तृत शान्ति सम्झौताको मर्म र भावनाअनुरूप प्रस्तावित विधेयकबारे विज्ञसँग गहन छलफल र अन्तर्क्रिया भएको बताउनुभयो।

विधेयकको अर्थ, कानूनको आवश्यकता र पक्षमा सांसदले राख्नुभएको जिज्ञासालाई विज्ञले स्पष्ट पार्ने कोसिस गर्नुभएको थियो। प्रमुख सचेतक लेखकले सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयलाई चाँडो टुङ्गोमा पुर्‍याएर पीडितले न्याय पाउने, परिपूरण प्राप्त गर्ने र समाजमा मेलमिलाप पनि हुने स्थिति सिर्जना गरेर अघि बढ्नुपर्छ भन्ने निष्कर्षमा पुगेको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "अब सशस्त्र द्वन्द्वका समयमा जति पनि घटना भएका थिए, त्यसलाई उचित ढङ्गले तार्किक निष्कर्षमा पुर्‍याउनुपर्छ भन्नेमै छलफल केन्द्रित रह्यो।" छलफलमा दुवै आयोगका हालसम्म भएका र अब गर्नुपर्ने काम, ऐनमाथिको संशोधनको आवश्यकता र अन्तर्राष्ट्रिय कानून, अबको बाटो र कानूनमा अन्तर्राष्ट्रिय चासोलगायतका विषयमा विज्ञले जानकारी गराउनुभयो।

विज्ञका रूपमा पूर्वमन्त्री डा मीनेन्द्र रिजाल, संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी, सत्यनिरुपण तथा मेलमिलाप आयोगका पूर्वअध्यक्ष गणेशदत्त भट्ट, संवैधानिक कानून व्यवसायी मञ्चका पूर्वअध्यक्ष राजु चापागाईं र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पूर्वसदस्य गङ्गाधार अधिकारीलाई आमन्त्रण गरिएको थियो। छलफलका क्रममा विज्ञहरूले दलगतभन्दा सांसदले व्यक्तिगत वा समूहगत संशोधन हाल्न सुझाव दिनुभएको थियो।

प्रतिनिधिसभाबाट गत आइतबार उक्त विधेयकमाथि विचार गरियोस् भनी राखिएको प्रस्ताव स्वीकृत भएको छ। विधेयकमाथि संशोधन हाल्न ७२ घण्टाको समय प्रदान गरेकामा हालसम्म सांसद चित्रबहादुर केसी, गोकुल बास्कोटा, रघुजी पन्त, मैना कार्कीसहितले फरक फरक विषयमा संशोधन हाल्नुभएको छ।

उहाँहरूले खासगरी द्वन्द्वका समयमा भएका सबै घटनालाई एउटै आधारमा हेरिन नहुने तथा आयोगको कार्यकालका विषयमा केन्द्रित रही संशोधन हाल्नुभएको थाहा भएको छ।

# लागुऔषधसहित चौधरी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत।**

सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका २ बाट लागुऔषध सहित एक युवकलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा शुभाष कुमार चौधरी छन्। चौधरीले आफ्नै घर छेऊमा लागुऔषध बिक्री गरिरहेको सूचना पाएपछि पक्राउ गरि अनुसन्धान गर्दा घर नजिकै आफने खेतबारीमा खरको थुप्रोमा लुकाई राखेको अवस्थामा

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नयाँ होइनन् मिटरब्याज पीडितका समस्या, दुई हजारभन्दा बढी उजुरी

**हेमन्त जोशी**
काठमाडौँ, १५ चैत (रासस)।

आफ्ना समस्या सरकारलाई सुनाउन मिटरब्याज पीडित महोत्तरीको बर्दिवासदेखि ११ दिन पैदल हिँडेर काठमाडौँ आए। उनीहरूले मङ्गलबार टङ्गालमा धर्ना दिएपछि छलफलका लागि सरकारले चार सदस्यीय वार्ता टोली गठन गर्‍यो।

धर्ना बसेका पीडितसँग छलफलका लागि मङ्गलबार बिहान गृह मन्त्रालयका सहसचिव केदारनाथ शर्मा, काठमाडौँका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायलगायतको सरकारी टोली टङ्गाल पुगेको थियो। तर उनीहरूले प्रधानमन्त्रीलाई भेटेरै आफ्ना कुरा राख्ने भनेपछि दुई पक्षबीच सहजीकरणका लागि वार्ता टोली बनाइएको हो। मंगलबारै सरकारले मिटरब्याजलाई अपराध घोषणा गर्ने प्रावधानसहित मुलुकी अपराध संहितामा संशोधन गर्ने निर्णय गरेको छ।

पछिल्ला घटनाक्रम यिनै हुन्। तर साहु महाजन, सुदखोर, मिटरब्याजीबाट पीडित भएकाहरूले सरकारलाई गुहारेको यो पहिलो पटक होइन। तराईका जिल्लामा मिटरब्याजी विरुद्धका आन्दोलन बेला-बेला भइरहन्छन्। काठमाडौँ केन्द्रित आन्दोलन नै यसभन्दा अघि दुईपटक भइसकेका छन्। गत दसैँअघि मिटरब्याज पीडितले डेढ महिनाभन्दा लामो समयसम्म माइतीघरमा धर्ना दिए। सरकार र 'मिटरब्याज तथा ठगी विरुद्ध किसान मजदुर सङ्घर्ष समिति' बीच पाँच बुँदे सहमति भएपछि त्यो आन्दोलन रोकियो। त्यसअघि गत जेठ २८ गतेदेखि उनीहरूले माइतीघरमा दुई हप्तासम्म धर्ना गरेका थिए।

त्यो बेला पनि सरकारले उनीहरूका समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिएको थियो। अति उच्च ब्याजदरमा ऋण दिने, किर्ते कागज बनाउने र छलपूर्वक जायजेथा हडप्ने सुदखोर प्रवृत्तिबाट पीडित भएकाले धर्ना दिन थालेपछि सरकारले पनि यो समस्याबारे केही निर्णय लिएको देखिन्छ। गत साउन २७ गतेको गृहमन्त्रिस्तरीय निर्णयबाट मिटरब्याज अपराध नियन्त्रणका उपाय सिफारिस गर्न कार्यदल गठन भएको थियो। गृह मन्त्रालयका तत्कालीन सहसचिव डा भीष्मकुमार भुसालको संयोजकत्वमा गठित 'मिटरब्याजी अपराध नियन्त्रण सिफारिस कार्यदल' को प्रतिवेदनअनुसार गत भदौ २१ गतेसम्म देशभरबाट दुई हजार दुई सय ८९ उजुरी विभिन्न जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको उल्लेख गरेको छ।

यद्यपि, कार्यदलले एक हजार नौ सय ३७ उजुरीको विश्लेषण गरेको थियो। त्यो बेलासम्म प्राप्त उजुरीमध्ये मधेस प्रदेशका मात्रै एक हजार तीन सय ३० उजुरी थिए। कोशी प्रदेशमा ९२, बागमती प्रदेशमा दुई सय दुई, गण्डकी प्रदेशमा ३५, लुम्बिनी प्रदेशमा दुई सय ११, कर्णाली प्रदेशमा २२ र सुदूरपश्चिम प्रदेशमा ४५ उजुरी परेका थिए।

कार्यदलको प्रतिवेदनअनुसार देशभरबाट परेका उजुरीमध्ये सर्लाही जिल्लामा मात्रै २२ प्रतिशत अर्थात चार सय २७ उजुरी परेको देखिन्छ। मधेस प्रदेशका सबै जिल्लामा मिटरब्याजी विरुद्ध उजुरी दर्ता भएका छन्। सिरहामा दुई सय ८९, महोत्तरीमा एक सय ९१, धनुषामा एक सय ४०, सप्तरीमा एक सय १४, पर्सामा ८३, बारामा ४५ र रौतहटमा ४१ उजुरी दर्ता भएको देखिन्छ। भौगोलिक हिसाबले कूल उजुरीको ८६ प्रतिशत अर्थात् एक हजार छ सय ७६ उजुरी तराई र भित्री मधेस क्षेत्रबाट परेको छ। पहाडी जिल्लामा दुई सय ५९ र हिमाली जिल्लामा दुई वटा मात्रै उजुरी परेको देखिन्छ। एकै व्यक्तिले २३ जनासम्मलाई कारबाहीको माग गर्दै उजुरी हालेको छ भने एउटै व्यक्ति विरुद्ध चार वटासम्म उजुरी परेको प्रतिवेदनमा उल्लेख छ।

उक्त कार्यदलले समस्या समाधानका लागि सरकारलाई सुझाव पनि दिएको थियो। आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन कार्यदलले तयार पारेको देखिन्छ। विभिन्न निकायमा परेका उजुरीमाथि तत्काल छानबिन र कारबाहीलाई निरन्तरता दिनुपर्ने, यो विषयमा सङ्घीय एकाइको भूमिका र राजनीतिक प्रतिबद्धता कायम हुनुपर्ने, नागरिकमा कानूनी सचेतना र वित्तीय साक्षारताका लागि पहल गरिनुपर्नेलगायतका सुझाव कार्यदलले दिएको थियो।

**सरकार के गर्दैछ ?**

मिटरब्याज पीडितसँग यसअघि भएका सम्झौता क्रमशः कार्यान्वयन भइरहेको र मिटरब्याज अपराधसँग सम्बन्धित कानून निर्माणको क्रममा रहेको गृहसचिव विनोदप्रकाश सिंह बताउनुहुन्छ। "पीडितसँग सरकारले पहिले गरेका सम्झौता कार्यान्वयन भइरहेका छन्। यस्तो अपराधबारे कसिलो कानून बनाउन मस्यौदा तयार पारेर कानून मन्त्रालय पठाइएको छ", गृहसचिव सिंहले भन्नुभयो।

आन्दोलनरत मिटरब्याज पीडितसँग छलफल गर्न सरकारले मंगलबार वार्ता टोली गठन गरेको छ। पीडितका मागबारे बुझ्न चार सदस्यीय टोली गठन गरिएको हो। वार्ता टोलीमा गृह मन्त्रालयका सहसचिव रुद्रादेवी शर्मा, गृह मन्त्रालयकै उपसचिव दिलकुमार तामाङ, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव उमाकान्त अधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव जङ्गबहादुर डङ्गा रहनुभएको छ।

मिटरब्याज पीडितलाई प्रधानमन्त्रीले भेट्नुअघि छलफल गर्नका लागि वार्ता टोली बनाइएको गृह मन्त्रालयका उपसचिव दिलकुमार तामाङले बताउनुभयो। "उहाँहरू प्रधानमन्त्रीलाई भेट्ने भनेर मंगलबार बालुवाटार पुग्नुभएको थियो। प्रधानमन्त्रीलाई भेट्नुभन्दा अघि मागबारे बुझ्ने, समस्या समाधानका लागि हामीले गरिरहेको पहलबारे पनि उहाँहरूलाई जानकारी गराउने र प्रधानमन्त्रीसँगको भेटपछि समस्याको तार्किक निष्कर्षमा पुर्‍याउने गरी हामीले काम गर्न खोजेका छौँ", उहाँले भन्नुभयो। मंगलबार गठन गरिएको चार सदस्यीय टोलीले भेटेपछि मिटर ब्याज पीडितसँग छलफल गरेपछि प्रधानमन्त्रीले भेट्ने समय तय गरिने जनाइएको छ।

**के हुन् माग ?**

मिटरब्याज अपराधमा संलग्नलाई कारबाही गर्नुपर्ने, मिटरब्याज अपराध विरुद्ध कानून निर्माण गर्नुपर्ने, तमसुक व्यवस्था खारेज गर्नुपर्ने, झुट्टा मुद्दामा गिरफ्तार गरिएका पीडितलाई रिहा गरिनुपर्नेलगायतका माग उनीहरूका छन्। मिटरब्याजीहरूले फर्जी तमसुक तयार पार्ने गरेको, ऋण भुक्तानीपछि पनि तमसुक नष्ट नगरेको र त्यसैका आधारमा मुद्दा दायर गर्ने गरेको उनीहरूको भनाइ छ। जसकारण तमसुक व्यवस्था खारेज हुनुपर्ने पीडितहरूको माग छ।

गत भदौ ६ गते गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै मिटरब्याज पीडितका उजुरी सङ्कलन गर्न र त्यस्ता उजुरीमाथि कारबाही गर्न निर्देशन दिएको थियो। अदालतको प्रक्रियामा गएका मुद्दामा जिल्ला प्रशासन कार्यालयले काम गर्न नसक्ने महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडी बताउनुहुन्छ। "धेरैजसो अदालतबाट फैसला भइसकेका र मुद्दा दायर भएर फैसलाको क्रममा रहेका छन्। अदालतमा विचाराधीन रहेका विषयमाथि जिल्ला प्रशासनले केही निर्णय लिन सक्ने अवस्था हुँदैन। अदालतमा प्रवेश गरेका विषयलाई हामीले केहि गर्न सक्दैनौँ", उहाँले भन्नुभयो।

महोत्तरी जिल्ला प्रशासन कार्यालयनमा हालसम्म दुई सय ६२ यस्ता मुद्दा दर्ता भएकामा छ वटा मुद्दा मात्रै मेलमिलापमा गएको पनि प्रमुख जिल्ला अधिकारी पहाडीले बताउनुभयो। मिटरब्याज पीडितसँग छलफलको क्रम नियमित नै चलिरहेको पनि उहाँको भनाइ छ।

**मानव अधिकार आयोगको चासो**

गत साउन र भदौमा काठमाडौँमा आन्दोलन गरेका मिटरब्याज पीडितहरूले राष्ट्रिय मानव मानवअधिकार आयोगमा पनि उजुरी दर्ता गरेका थिए। मिटरब्याज, दृष्टिबन्धक तथा छिनुवा पासबाट पीडित बनाएर नागरिक हकको उल्लङ्घन भएको भन्दै आयोगमा गत साउन ३१ गते उजुरीमा दर्ता भएको थियो। मिटरब्याज पीडितको आन्दोलनबारे त्यो बेला अनुगमन गरेको आयोगका प्रवक्ता डा टीकाराम पोखरेल बताउनुहुन्छ। मिटरब्याज पीडितको अहिलेको आन्दोलनबारे पनि आयोगको चासो रहेको उहाँको भनाइ छ। "पीडितहरूले आन्दोलन गरिरहेका छन्। उनीहरू समस्यामा छन् भन्ने जगजाहेर नै छ। तर समस्याको जरो के हो भन्नेबारे आयोगले अध्ययन गर्ने कि भन्ने भएको छ। पीडामा परेकाहरूले न्याय पाउनुपर्छ।" उहाँले भन्नुभयो। गत भदौमा भएको आन्दोलनका क्रममा सरकारबाट बल प्रयोग भएपछि आयोगले शान्तिपूर्ण आन्दोलन गर्न पाउनुपर्ने र उनीहरूको समस्या समाधानका लागि सरकारले पहल गर्नुपर्ने सुझाव दिएको पोखरेलको भनाइछ।

# सङ्क्रमणकालीन न्याय छिटो टुङ्ग्याउन माग

काठमाडौँ, १५ चैत (रासस)।

दशवर्षे सशस्त्रद्वन्द्वका पीडितले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित भइसकेपछि तत्काल दुई आयोग गठनको प्रक्रिया सुरु गर्नुपर्ने माग सरकारसँग गरेका छन्।

गम्भीर मानवअधिकार उलङ्घनका पीडितको राष्ट्रिय सञ्जाल नेपालद्वारा बुधबार यहाँ पत्रकार सम्मेलन गरी सञ्जालको दुई दिने राष्ट्रिय परामर्श भेलाले जारी गरेको १४ बुँदे माग सार्वजनिक गर्दै दुई वटा आयोग गठन गरेर कार्यादेश बनाइ आयोगलाई प्रभावकारी र परिणाममुखी बनाउनका लागि आवश्यक कदम चाल्न माग गरियो।

सञ्जालका संयोजक रामकुमार भण्डारीले आयोग सङ्क्रमणकालीन न्यायको एक महत्वपूर्ण संयन्त्र भएकाले ऐन संशोधनपश्चात प्रभावशाली उच्चस्तरीय आयोग गठन गर्नुपर्ने माग गर्नुभयो। उहाँले पीडितको सहभागितामा राष्ट्रिय सम्मान, स्मृति र परिपुरण नीति तर्जुमा गरी द्वन्द्वपीडितका आर्थिक, सामाजिक तथा मनोसामाजिक पक्षको सम्बोधन गर्न द्वन्द्वपीडितसँगको सहकार्यमा काम गर्न आग्रह गर्नुभयो।

सञ्जालले पीडितहरूको आर्थिक सामाजिक आवश्यकता तथा भूगोलको आधारमा सङ्क्रमणकालीन न्याय प्रक्रियाका क्रममा आवश्यक अन्तरिम सहयोगगर्न जोड दिएको छ। अधिकांश पीडित विकट गाउँघर, जनजाती, सीमान्तकृत, महिला, वृद्धवृद्धा तथा अशक्त भएकाले आवश्यकताअनुसार स्वास्थ्य, शिक्षा, रोजगारीको सुनिश्चिता गर्दै तत्काल अन्तरिम सहयोग तथा राहत प्रदान गर्नुपर्ने सञ्जालको माग छ।

### *लागुऔषधसहित...*

लागुऔषध बरामद गरेको इलका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ।

प्रहरीका अनुसार उक्त स्थानमा खोजतलास गर्दा कालो प्लाष्टिकमा पोकापारी बिक्री वितरण गर्नका लागी लुकाई राखेको अवस्थामा लागुऔषध इन्जेक्सन डाइजेपाम ६७ एम्पुल, लिजेसिक ६६ एम्पुल, फेनारगन ६६ एम्पुल गरि १९९ एम्पुल बरामद गरेको डिएसपी रायले बताए।

पक्राउ परेका चौधरीलाई बुधबारै जिल्ला अदालतबाट लागुऔषधसम्बन्धी कसुर मुद्दामा अदालतबाट म्याद थप गराइ अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ।

## विश्व समाचार

### भारतमा कोरोनाका बिरामी बढे, सचेत रहन डब्ल्युएचओको आग्रह

नयाँदिल्ली, १५ चैत (रासस/पिटिआई)।

भारतमा कोरोनाका बिरामी बढेका छन्। बितेका पाँच महिनाको अवधिमा बुधबार सबैभन्दा धेरै सङ्क्रमित फेला परेका हुन्। बुधबार एकै दिन दुई हजार एक सय ५१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। यो सङ्ख्या पाँच महिना यताकै उच्च हो। उक्त मन्त्रालयले बुधबार सार्वजनिक गरेको अद्यावधिक तथ्याङ्कअनुसार महामारी क्रमशः साम्य भएपछि गत अक्टोबर २८ मा सबैभन्दा दुई हजार दुई सय आठ जनामा सङ्क्रमण देखिएको थियो।

देशभर सक्रिय सङ्क्रमित शून्य दशमलब शून्य तीन प्रतिशत छ भने स्वास्थ्य लाभ प्रतिश ९८ दशमलब सातआठ प्रतिशत रहेको छ। दैनिक सङ्क्रमण दर एक दशमलब पाँच एक प्रतिशत रहेको छ। केन्द्र सरकारले स्वास्थ्य तथा चिकित्सा विभागका अधिकारहरूलाई मातहतका निकाय र सरोकारवालासँग सम्भावित महामारीको सामनाको तयारीका निम्ति समीक्षा बैठक गर्न तथा रोकथामका आवश्यक उपाय अवलम्बन गर्न निर्देशन दिएको छ।

यसैबीच, विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले महामारीको सम्भावित नयाँ चरणलाई दृष्टिगत गरी कोरोनाविरुद्धका खोप लगाउन आह्वान गरेको छ। स्वस्थ बालबालिका तथा किशोरकिशोरीहरूलाई खोप आवश्यक नभए पनि वृद्ध र उच्च जोखिममा रहेका समूहलाई अन्तिम खोप लगाएको छ देखि १२ महिनाको अन्तरालमा 'बुस्टर डोज' लगाउन सुझाएको छ। गम्भीर रोगको सामना गरिरहेका वर्गलाई सङ्क्रमण प्रतिरोधी खोपमा प्राथमिकतना दिन सङ्गठनले संसारका सबै देशका सरकारलाई अनुरोध गर्दै राष्ट्रसङ्घीय निकायले परिस्थितिको निरन्तर अनुगमन गरिरहेको र सहयोगका लागि तत्पर रहेको बताएको छ। साथै सङ्गठनले सचेत रहन तथा स्वास्थ्य नियम पालना गर्न अनुरोध गरेको छ।

### अमेरिका जाने प्रयासमा रहेका ४० आप्रवासीको मेक्सिकोको अध्यागमन हिरासतमा जलेर मृत्यु

सिउडाड जुआरेज (मेक्सिको), १५ चैत (रासस/एपी)।

मध्य तथा दक्षिण अमेरिकाबाट अमेरिका जाने प्रयासमा रहेका ४० जना आप्रवासीको मेक्सिकोको सिउडाड जुआरेजमा रहेको अध्यागमन हिरासतमा जलेर मृत्यु भएको अधिकारीहरूले बताएका छन्। विगत केही दिनयता टेक्सासको एल पासोबाट रियो ग्रान्डे नदीको छेउमा अवस्थित सिउडाड जुआरेजमा अमेरिका प्रवेश गर्न चाहने धेरै आप्रवासीको भीड लाग्ने गरेको छ। अमेरिका सरकारले भने आप्रवासीलाई आफ्नो भूमिमा गैरकानूनीरूपमा प्रवेश गर्न नदिन कठोर नियम अवलम्बन गर्नाका साथै निष्कासनसमेत गर्दै आएको छ।

आप्रवासीहरूले आफूहरूलाई देश निकाला गरिने जानकारी पाएपछि गद्दा जलाएर त्यसको विरोध गर्दा उक्त हताहती भएको मेक्सिकोका राष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरले बताउनुभएको छ। उनीहरूको विरोधको तरिकाले यति भयानक परिस्थिति निम्त्याउने उनीहरूले नसोचेका उहाँले बताउनुभएको छ। सामाजिक सञ्जालमा सार्वजनिक भएका दृश्यमा केन्द्र बाहिरको फुटपाथमा लाशहरू प्लास्टिकले बेरेर लाइनमा राखिएको देखिन्छ। सुरक्षाका लागि राखिएका सिसिटिभी क्यामरामा केन्द्रको हिरासतमा रहेका आप्रवासीले गद्दामा आगो लगाएपछि धुँवाको मुस्लो छुट्दो सुरक्षाकर्मी त्यसलाई बेवास्ता गर्दै भवनबाट बाहिरिएका देखिन्छन्। भिडियोमा उनीहरूले आप्रवासीलाई हिरासत मुक्त नगरेको देखिन्छ।

स्थानीय सञ्चारमाध्यमका अनुसार अधिकारीहरूले आप्रवासीहरूलाई मेक्सिको र अमेरिकालाई जोड्ने स्ट्यान्टन-लेर्डो पुल नजिक रहेका केन्द्रको भवनभित्र लगेका थिए जहाँ उनीहरूले विरोधस्वरुप गद्दामा आगो लगाएका थिए। आगलागीमा परी २९ जना घाइते समेत भएका छन्। मेक्सिकोको नेशनल माइग्रेसन इन्स्टिच्युट (आईएनएम)द्वारा सञ्चालित उक्त केन्द्रमा आगलागीका बेला मध्य र दक्षिण अमेरिकाका ६८ जना पुरुष थिए।

अमेरिकी भन्सार र सीमा सुरक्षा अधिकारीले आगलागीमा परी घाइते भएकालाई आप्रवासीलाई स्वीकार गर्ने प्रक्रिया प्रारम्भ गर्न आफूहरू तयार रहेको जनाएका छन्। घाइतेलाई मेक्सिकोबाट एम्बुलेन्समार्फत उपचारका लागि अमेरिकी उपचार केन्द्रहरूमा पुर्‍याइएको छ। मेक्सिकोका अधिकारीहरूले आगलागीमा ग्वाटेमाला, होन्डुरस, भेनेजुएला, एल साल्भाडोर, कोलम्बिया र इक्वेडरका नागरिक घाइते भएका तथा ज्यान गुमाएका बताएका छन्। विदेशमन्त्री मारियो बुकाराले आगलागीमा आफ्नो देशका २८ जनाको मृत्यु भएको पत्रकारहरूलाई बताउनुभएको छ।

संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले उक्त घटनाको गम्भीर छानबिन गर्न आग्रह गर्नुभएको छ। महासचिवका प्रवक्ताले सुरक्षित एवम् सङ्गठित आप्रवासन मार्गहरू स्थापनाका लागि आवागमन हुने सम्बद्ध देशका अधिकारीहरूसँग काम राष्ट्रसङ्घले सहकार्य गर्ने प्रतिबद्धता महासचिवले व्यक्त गर्नुभएको बताउनुभएको छ।

# माओवादी केन्द्रका नेता कुशवाहा जनमतमा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा थोरै मतले पराजित भएका नेकपा माओवादी केन्द्रका नेता शिवचन्द्रप्रसाद कुशवाह बुधबार जनमत पार्टीमा प्रवेश गरेका छन् ।

काठमाडौंमा पत्रकार सम्मेलन गरी जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले कुशवाहलाई जनमत पार्टीमा प्रवेश गराएका हुन् ।

पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष राउतले जनमत पार्टीले वैशाख १० को उपनिर्वाचनमा बारा क्षेत्र नम्बर २ बाट कुशवाहलाई उम्मेदवार बनाउने घोषणा समेत गरे ।

बारा २ का जनता बाहिरिया नेताहरूबाट पीडित रहेकाले जनताको माग अनुसार स्थानीय उम्मेदवार जनमत पार्टीले दिएको डा. राउतले बताए ।

जसपा अध्यक्ष उपेन्द्र यादव वैशाख १० मा हुने उपनिर्वाचनमा बारा २ बाट उठ्ने तयारी गरेका छन् । उपनिर्वाचनपछि उपेन्द्र यादव विजयी भए मधेस प्रदेशको मुख्यमन्त्री नेपाली कांग्रेसलाई दिने सर्तमा कांग्रेसले पनि यादवलाई समर्थन गर्ने भएको छ ।

कुशवाहा सम्पन्न निर्वाचनमा एमाले-जसपा गठबन्धनका उम्मेदवार रामसहाय प्रसाद यादवसँग मात्र ३ सय ५४ मतले पराजित भएका थिए । कुशवाहले १३ हजार चार सय ६८ मत ल्याउँदा रामसहायप्रसाद यादवले १३ हजार आठ सय २२ ल्याएर विजयी भएका थिए ।

# मधेस प्रदेश सरकारद्वारा मन्त्रालयको नाम हेरफेर

**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

मधेस प्रदेश सरकारले मन्त्रालयको नाम हेरफेर गरेको छ। प्रदेश मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकार कार्यविभाजन नियमावली-२०७९ को अनुसूचीमा हेरफेर गर्दै प्रदेशका मन्त्रालयको नाम समायोजन गरेका छन् ।

मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्लगायत मन्त्रालयको सङ्ख्या ११ नै यथावत् राख्दै मन्त्रालयको नाम हेरफेर तथा समायोजन गरेको हो ।

नाम हेरफेर तथा समायोजन भए पनि प्रमाणीकरण हुन भने बाँकी रहेको छ । अब यस प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय रहने छन् ।

मधेस प्रदेशमा यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत अर्थ मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, खानेपानी तथा ऊर्जा विकास मन्त्रालय, कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय र शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालयसहित ११ वटा मन्त्रालय थिए ।

# मिटरब्याजलाई अपराध मानेर कानून बनाउने मन्त्रिपरिषद्को निर्णय

काठमाडौँ, १५ चैत (रासस) ।

सरकारले मिटरब्याजलाई अपराध मान्दै कानूनी दायरामा ल्याउने भएको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले मिटरब्याजलाई अपराध घोषणा गरी कानूनी दायरामा ल्याउन मुलुकी अपराध संहिता, २०७४ को आवश्यक संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

प्रधानमन्त्रीका प्रेसविज्ञ मनोहरि तिमल्सिनाका अनुसार मिटरब्याजीलाई अपराधको रूपमा लिएर आवश्यक कानून बनाउने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ । बैठकले मिटरब्याजलाई अपराध मानेर कानून बनाउँदै पीडकलाई आवश्यक कारबाही गर्ने गरी प्रक्रिया अघि बढाउने निर्णय गरेको हो ।

उक्त प्रयोजनका लागि अपराध संहिता संशोधन गर्न आवश्यक प्रक्रिया सुरु गरिनेछ। मिटरब्याज पीडितले आफूहरूले न्याय पाउनुपर्ने माग गर्दै काठमाडौँ आएर सङ्घर्ष गरिरहेको सन्दर्भमा सरकारले पीडितको माग सम्बोधन गर्न आवश्यक निर्णय गरेको हो ।

मिटरब्याज पीडित तराईका विभिन्न जिल्लाबाट ११ दिन हिँडेर काठमाडौँ आएका हुन् । सरकारले उनीहरूको समस्या समाधानका लागि गृहमन्त्रालयका सहसचिव रुद्रादेवी शर्माको नेतृत्वमा वार्ता टोली गठन गरिसकेको छ ।

# मिटरब्याजी पीडितका समस्या समाधान गर्न शक्तिशाली आयोग जरुरी : मुख्यमन्त्री यादव

जनकपुरधाम, १५ चैत (रासस) ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले मिटरब्याजीको समस्या समाधान गर्न अधिकार सम्पन्न शक्तिशाली आयोग बनाउन जरुरी रहेको आवश्यकता औंल्याउनुभएको छ ।

मुख्यमन्त्री यादवले बुधबार एक विज्ञप्ति जारी गरी मिटर ब्याज पीडितमाथि गरिएको शोषणविरुद्ध केन्द्र, नेपाल राष्ट्र बैंक तथा प्रदेश समेतले मिलेर संयुक्तरूपमा काम गर्न एक विशेष अधिकार सम्पन्न शक्तिशाली आयोग खडा गर्न जरुरी रहेको बताउनुभयो ।

"जनताले न्याय मागिरहेका छन्, न्याय पाउनुपर्छ । बैंकले बाटो खोल्नुपर्छ । आम जनतामा सहज र सुलभ रूपमा ऋण प्रवाह हुनुपर्दछ", मुख्यमन्त्रीद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ, "केन्द्र सरकारले मिटरब्याजलाई अपराध घोषणा गरी कानुनी दायरामा ल्याउन गरेको पहलकोमा स्वागत गर्दछौं ।"

विदेश जान वा अध्ययन गर्न वा अन्य भैपरी गर्जो टार्न ऋण खोज्ने नागरिकलाई मिटरब्याजीबाट बचाउँदै कसरी सहयोग र सहकार्य गर्न सकिन्छ भन्नबारे ठोस गृहकार्य गरी ठोस नीति बनाउन जरुरी रहेको उहाँको भनाइ छ ।

त्यसैगरी, पैदलनै काठमाडौं पुगेका र काठमाडौं पुग्न नसकेका मिटरब्याज पीडितका समस्याप्रति सरकार गम्भीर रहेको पनि जनाइएको छ ।

"ठूलो वेदना बोकेर काठमाडौं पुग्नुभएका मिटरब्याज पीडित दाजुभाइ दिदीबहिनीहरू तपाईंको हरेक पाइलामा हाम्रो साथ छ, तपाईंको आँसुको हरेक थोपामा हाम्रो पनि सरोकार र दायित्व छ", विज्ञप्तिमा मुख्यमन्त्रीले भन्नुभएको छ, "हामी जिम्मेवारीबाट भाग्दैनौं तथापि यो प्रदेशको मात्रै समस्या होइन । प्रदेशबाट उठेको देशको समस्या हो । गरिब झन् गरिब हुने, भएको सम्पत्तिसमेत स्वाह हुने राष्ट्रिय सम्पत्तिको बाधक हो यो समस्याविरुद्ध संयुक्त रूपमा लड्न म मधेस प्रदेश सरकारका तर्फबाट सारा विद्वत वर्ग, चिन्तक, योजनाविद्, विज्ञहरूलाई आह्वान गर्दछु ।"

**बोन्ड पेपर हराएको सूचना**

राजविराजदेखी रुपनी जाँदै गरेको अवस्थामा २०७९ साल फागुन ५ गते निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्सको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१६७७७१५१ मा सम्पर्क गर्नुहोला ।

**नाम : हेम नारायण साह**
**पो.नं. : २०७००२३१८**

**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं।**

चट्याङबाट बच्न

**घरबाहिर हुनुहुन्छ भने,**
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit | CITY EXPRESS | Best Remit | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*